मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

पूर्वाञ्चल

Purwanchal National Daily

डेंगीबाट बचौं

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्यधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरू आउनु ।
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ ।
तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

◆ वर्ष : २८ ◆ अङ्क : २६७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८० साउन २९ गते सोमबार (Monday, August 14. 2023) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भाइ : ४/-

झापामा महासंघको पत्रकार उपचार कोष

कतारबाट व्यवसायी चम्लागाँईको २ लाख सहयोग

बिर्तामोड साउन २८। कतारमा स्थापित नेपाली व्यवसायी महेन्द्रप्रसाद चम्लागाँईले पत्रकार सहारा उपचार कोषलाई दुई लाख एक रुपैयाँ सहयोग गरेका छन् ।

नेपाल पत्रकार महासंघ झापा शाखाले स्थापना गरेको पत्रकार उपचार कोषमा चम्लागाँईले आइतबार उक्त रकम सहयोग प्रदान गरेको महासंघ झापाका अध्यक्ष एकराज गिरीले जानकारी दिए ।

महासंघको वैंक खातामा चम्लागाँईले कतारबाटै उक्त रकम जम्मा गरिदिएका हुन् ।

नेपाली व्यवसायी संघ कतारका अध्यक्ष चम्लागाँईले पत्रकारको सामाजिक सुरक्षा र दीगो हित गर्ने उद्देश्यले स्थापित पत्रकार उपचार कोषमा सहयोग गर्न पाउँदा खुशी व्यक्त गरे । नागरिकलाई सुसूचित गराउन अहोरात्र खटिने पत्रकारहरुलाई घाइते र विरामी हुँदा उपचार खर्च दिने पत्रकार उपचार कोषको प्रशंसा गर्दै चम्लागाँईले उक्त अक्षयकोषलाई लक्ष्य अनुसार एक करोडको पुऱ्याउन आफ्नोतर्फबाट सहयोग गरेको बताए ।

झापाली पत्रकारको सामाजिक सुरक्षा र दीगो हितका लागि पत्रकार महासंघले उदाहरणीय कार्य गरेको भन्दै चम्लागाँईले प्रशंसा गरेका छन् । झापा बाह्रदशी-७ का स्थायी वासिन्दा चम्लागाँई अन्तर्राष्ट्रिय झापाली समाजका उपाध्यक्ष समेत हुन् । उनी २७ वर्षदेखि सपरिवार कतारमै बस्दै आएका छन् ।

झापाली समाज कतारका संरक्षक रहेका उनको व्यवसायिक फर्म उडल्याण्ड कन्ट्राक्टिङ कम्पनी हो । चम्लागाँई नेपाल चेम्बर अफ कमर्शको कतार प्रतिनिधि समेत हुन् ।

सामान्य कामदारको रुपमा कतार गएका उनी सयौं कामदारलाई रोजगार दिने त्यहाँको स्थापित व्यवसायीको रुपमा आफ्नो परिचय बनाउन सफल भएका छन् । महासंघका अध्यक्ष गिरीले कोषमा सहयोग गरेकोमा चम्लागाँईलाई धन्यवाद दिएका छन् ।

महासंघ झापा शाखाले स्थापना गरेको उपचार कोष एक करोड रुपैयाँ पुऱ्याउने लक्ष्य राखिएको छ । कोषको व्याजबाट पत्रकारहरु विरामी तथा दुर्घटनामा घाइते हुँदा उपचार सहयोग प्रदान गरिँदै आएको छ । कोषमा हाल करिब ७५ लाख जम्मा भएको छ । कोषलाई १ करोड पुऱ्याउन सहयोगका निम्ति महासंघले सबैमा अपिल समेत गरेको छ ।

नेपाली समाजमा अझै पनि छोराको चाहना अत्यधिक

काठमाडौं, साउन २८। नेपालमा महिला र पुरुषलाई शिक्षा, स्वास्थ्यसेवा र सुविधाका हिसाबले समान अवसर प्रदान गरिए पनि पितृसत्तात्मक सोचका कारण छोराको चाहनाले लिङ्ग पहिचान गरी भ्रुण हत्या गर्ने प्रवृत्तिले जन्मिएका शिशुमध्ये छोराको संख्या धेरै भएको पाइएको छ ।

राष्ट्रियसभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिको आइतबारको बैठकमा राष्ट्रिय तथ्याङ्क कार्यालयका तर्फबाट उपलब्ध गराइएको विवरणअनुसार एक सय बालिका जन्मिदा सरदर एक सय १४ बालकको जन्म हुने गरेको छ । विश्वमा एक सय बालिका जन्मदा एक सय छ बालक जन्मिनुलाई स्वाभाविक रूपमा लिइन्छ । मधेश प्रदेशमा एक सय बालिका बराबर एक सय २२ र सुदूरपश्चिम प्रदेशमा एक सय १८ बालकको जन्म हुनुले ती प्रदेशमा अझै पनि छोराप्रतिको चाहना अत्यधिक रहेको देखिन्छ ।

राष्ट्रिय जनगणना-२०७८ अनुसार जन्मदा महिलाभन्दा पुरुषको संख्या धेरै भए पनि १९ वर्ष उमेरपछि भने पुरुषभन्दा महिलाको जनसंख्या बढी रहेको पाइएको राष्ट्रिय तथ्याङ्क कार्यालयका उपप्रमुख तथ्याङ्क अधिकारी नेवीनलाल श्रेष्ठले बताए ।

जनगणनाका बेला ठूलो संख्यामा रहेका युवा जनशक्ति रोजगारीका लागि विदेश पलायन भएका

कारण लैङ्गिक अनुपात तलमाथि हुन गएको अनुमान गरिएको छ । स्थानीय तहतर्फ विश्लेषण गर्दा ग्रामीण क्षेत्रमा ज्येष्ठ नागरिक र बालिकाको संख्या उल्लेखनीय देखिएको समितिमा प्रस्तुत राष्ट्रिय जनगणनाले देखाएको जनसंख्याको आकार, प्रकार र संरचना सम्बन्धी प्रस्तुतिमा समावेश छ ।

त्यस्तै सहरमा काम गर्ने उमेर समूहका युवाको जनसंख्या बढी रहेको देखिएको छ । जनसंख्याको वृद्धिदर मधेस र लुम्बिनी प्रदेशमा एक प्रतिशतभन्दा बढी छ भने १० वर्षमा मधेस र बागमती प्रदेशमा सबैभन्दा धेरै जनसंख्या थपिएको तथ्याङ्क प्रस्तुत गरियो ।

शून्यदेखि १४ वर्ष उमेर समूहको जनसंख्या घट्नुले प्रजनन न्यून भएको देखाएको र १५ देखि ६४ वर्ष उमेर समूहको जनसंख्या वृद्धि भई ६२ प्रतिशत कायम रहनुले काम गर्न सक्ने उमेर समूहको बाहुल्यलाई पुष्टि गरेको श्रेष्ठले बताए ।

यसैबीच महिलाको नाममा रहेको घर वा जग्गा दुवै हुने परिवारको प्रतिशत २३ दशमलव आठ रहेको तथा महिला मूली भएका परिवार प्रतिशत ३१ दशमलव छ रहेको उल्लेख गरिएको छ । पछिल्लो जनगणणा अनुसार विगत १० वर्षको अवधिमा २७ लाख जनसंख्या बढेको छ ।

वार्षिक जनसंख्याको वृद्धिदर ९० वर्षको इतिहासमा एक प्रतिशतभन्दा तल अर्थात शून्य दशमलव ९२ मा झरेको देखाइएको छ । तथापि, पछिल्लो समय देशमा पुरुष र महिलाको जनसंख्या अन्तरमा सुधार देखिएको छ । जनगणना अनुसार पछिल्लो समय हिमालबाट-पहाड, पहाडबाट तराई र सहरमा बसाईंसराई केन्द्रित हुने क्रम बढेको छ । जनसंख्याको ५४ प्रतिशत बसोबास तराई मधेशमा हुने गरेको छ ।

मुलुकको पछिल्लो जनगणनाअनुसार दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ जनसङ्ख्या पुगेको छ । समग्रमा मुलुकमा जन्मदर घटेको तथा औषध आयु बढेको उल्लेख गरिएको छ ।

तास खेल्दाखेल्दै २० जना पक्राउ

काठमाडौं, साउन २८। काठमाडौं महानगरपालिका-१७ ढल्कू बस्ने ५१ वर्षीय दीपेन पोडेको सोही ठाउँस्थित इन्द्रायणी वर्कशपमा जुवातास खेलिरहेको अवस्थामा पोडे समेत नौ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

विशेष सूचनाको आधारमा प्रहरी वृत्त लैनचौरबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ३५ हजार ८० रूपैयाँ र ३ बुक ताससहित पक्राउ गरेको हो ।

उता तनहुँ आबुखैरेनी गाउँपालिका-३ पानीघट्टा बस्ने ४० वर्षीय प्रकाश बगालेको घरमा जुवातास खेलिरहेको अवस्थामा बगाले समेत ११ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय आबुखैरेनीबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ६२ हजार ३ सय १० रूपैयाँ र ४ बुक ताससहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

देशभरका शिक्षक धर्नामा

मेचीनगर, साउन २८। नेपाल शिक्षक महासंघ राष्ट्रिय समितिको आव्हानमा शिक्षकहरूले देशभर धर्ना दिएका छन् । आइतबार विभिन्न पेशागत र नीतिगत माग राख्दै शिक्षकहरूले देशभर प्रदर्शन गरेका हुन् ।

महासंघले अघि सारेका मागप्रति ऐक्यवद्धता जनाउँदै महासंघसहित शिक्षकका विभिन्न पेशागत संघ-संगठनको तर्फबाट देशभरका ७ सय ५३ पालिकामा एकसाथ प्रदर्शन गरिएको हो । 'प्रस्तावित विद्यालय शिक्षा विधेयक २०८०'मा समेट्नु पर्ने विषय सन्दर्भमा महासंघले बुँदागतरुपमा सुझाव प्रस्तुत गरिसकेको छ । सोही मागलाई ध्यानाकर्षण गराउन आइतबार पालिकास्तरमा धर्ना दिएको बताइएको छ ।

शिक्षक महासंघ मेचीनगरको अगुवाइमा आइतबार मेचीनगर नगरपालिकामा शिक्षकले धर्ना दिए । धर्नामा महासंघ नेतृत्वदेखि पेशागत संघ-संगठनका केन्द्र, प्रदेश, जिल्ला तथा पालिका स्तरीय पदाधिकारी तथा शिक्षक प्रतिनिधि सहभागी थिए ।

शिक्षकहरुको टोलीले नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश पराजुलीमार्फत नेपाल सरकारसमक्ष ध्यानाकर्षण पत्रसमेत बुझाएका छन् । विद्यालय पोशाकमा नगरपालिका परिसरमा बाल कक्षादेखि माध्यमिक तहसम्मका शिक्षक प्रतिनिधिमूलक रुपमा धर्नामा सहभागी थिए ।

(बाँकी अन्तिम पृष्ठमा)

बस जुध्दा १२ जना घाइते

झापा, साउन २८। पूर्व-पश्चिम महेन्द्र राजमार्ग अन्तर्गत झापाको शिवसताक्षी-८ डुँडामारी दुई वटा बस एकापसमा ठक्कर खाँदा १२ जना घाइते भएका छन् ।

पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको प्र१-०१-००१ख ३४२२ नम्बरको बसले बस स्टेन्डमा रोकी यात्रु झारिरहेको अवस्थामा सोही दिशातर्फ जाँदै गरेको प्र१-०२-००१ख ९२६२ नम्बरको बसले पछाडिबाट ठक्कर दिँदा दुर्घटना भएको हो । दुर्घटनामा परी बसमा सबार यात्रु घाइते भएका हुन् ।

घाइते हुनेहरुमा गौरादह-१ बस्ने वर्ष-४०की सीता राजवंशी, इलाम फिक्कल-११ निवासी ३६ वर्षीया फुर्वा मोक्तान, गौरादह-३ बस्ने वर्ष ३५की सुनिता कँडेल , मोरङ सुन्दरहरैचा-३ बस्ने वर्ष-६२की रीता कार्की, शिवसताक्षी-१ बस्ने वर्ष ८३का लक्ष्मीप्रसाद अधिकारी, कनकाई-३ बस्ने वर्ष-२१ की अञ्जली कार्की, कन्काई-४ बस्ने वर्ष २१की अबिसा कार्की रहेका छन् ।

त्यस्तै शिवसताक्षी-७ बस्ने वर्ष २०की सेनुम खजुम, शिवसताक्षी-८ बस्ने वर्ष २७की रञ्जना थेगिम, गौरादह-१ बस्ने वर्ष ३५की प्रियंका चौधरी, कन्काई-५ बस्ने वर्ष ४०की सरिता थुलुङ, कन्काई-३ बस्ने वर्ष १७की नुमा लिम्बू रहेका छन् ।

प्र १-०१-००१ख ३४२२ नं को बस चालक मेचीनगर-७ काँकरभिट्टा बस्ने वर्ष २८का सरोज उराउ सामान्य घाइते भएका छन् भने प्र १-०२-००१ ख ९२६२ नम्बरको बस चालक मोरङ उर्लावारी नपा- ६ बस्ने वर्ष ३०का रामेश्वर धामी पनि सामान्य घाइते छन् । दुवैलाई इलाका प्रहरी कार्यालय झिलझिलेले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका डीएसपी खगेन्द्र रिजालले जानकारी दिए ।

गरिबी निवारण र विकासमा मुख्यमन्त्रीको जोड

विराटनगर, साउन २८। कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले गरिबी निवारण र विकासका काममा प्रदेश सरकारको नीतिगत निर्णयलाई सक्रितासाथ कार्यान्वयन गर्न निर्देशन दिएका छन् ।

प्रदेश सरकारको विषयगत मन्त्रालयहरुको बार्षिक प्रगति समीक्षा गोष्ठीलाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै मुख्यमन्त्री थापाले विविध कारणले अड्किएका कामलाई सचिवस्तर, मुख्यमन्त्री कार्यालय र प्रदेशसभाबाट बाधा अड्काउ फुकुवा गर्दै अघि बढनुपर्ने बताए । प्रदेशस्तरबाट समाधान हुन नसक्ने समस्यालाई संघीय सरकार समक्ष सिफारिस गरेर बाधा अड्काउ-फुकाउ गर्नुपर्नेमा मुख्यमन्त्री थापाले जोड दिए ।

मुख्यमन्त्रीको कार्यालयमा आयोजित उक्त समीक्षा कार्यक्रममा मुख्यमन्त्रीको कार्यालय, आर्थिक मामिला तथा योजना

(बाँकी अन्तिम पृष्ठमा)

"Shine with Life, Learn with Love, Grow with God"

हार्दिक बधाई तथा शुभकामना

IN COLLABORATION WITH ECC Early Childhood Education Centre

ACCREDITED ACSI Association of Christian Schools International

२०८० श्रावण २६ गते शुक्रबार यस चिल्ड्रेन इन्भारोमेन्ट स्कुल बिर्तामोड-१, झापामा कक्षा १० मा अध्ययनरत् छात्रा **जस्मिन चौहान**ले **वीरता जेसीजद्वारा आयोजित साहित्य चौतारी**मा सम्पन्न बिर्तामोड नगरपालिका सामुदायिक तथा संस्थागत विद्यालयस्तरीय आशु कविता लेखन तथा वाचन प्रतियोगितामा तृतीय स्थान प्राप्त गर्न सफल भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं । साथै आगामी प्रतियोगितामा पनि सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

चिल्ड्रेन इन्भारोमेन्ट स्कुल

बिर्तामोड-१, झापा

नेपालीहरुको लागि भरपर्दो सेवा

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर

पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त-
८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।
Youtube Channel : Nishat M jotic kendra

सतासी साप्ताहिकको १३औं वार्षिकोत्सव

झापा, साउन २८। झापाको झिलझिलेबाट प्रकाशनमा आएको सतासी साप्ताहिक पत्रिकाले १३औं वार्षिकोत्सव सम्पन्न गरेको छ ।

शिवसताक्षी नगरपालिकाका नगर प्रमुख मेगाहाङ्ग थोप्राको प्रमुख आतिथ्य तथा नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीको विशेष आतिथ्यमा पत्रिकाले वार्षिक उत्सव मनाएको हो । वार्षिकोत्सवका अवसरमा पत्रकार गोविन ल्वागुनलाई नगद १० हजार ५ रुपैयाँसहित सम्मान गरिएको थियो ।

शिवसताक्षी नगरपालिकामा रहेर लामो समयदेखि पत्रकारिता पेशामा क्रियाशील रहेको भन्दै ल्वागुनलाई सम्मान गरिएको हो । समाजवादी प्रेस संगठन झापाका उपसचिव समेत रहेका उनी सतासी प्रेस क्लबका उपाध्यक्ष समेत हुन् । उनलाई कार्यक्रमका प्रमुख अतिथि थोप्रा र पत्रकार महासंघ झापाका अध्यक्ष गिरीले नगदसहित सम्मान गरेका थिए ।

पत्रिकाका अध्यक्ष योगेन लावतीको अध्यक्षतामा भएको कार्यक्रममा सम्पादक सेलिङ केसीले स्वागत गरेका थिए । सम्मानित पत्रकारका विषयमा पत्रिकाका सहसम्पादक छविलाल दवाडीले परिचय गराएका थिए ।

कार्यक्रमका प्रमुख अतिथि थोप्रासहित नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष गिरी, नेपाल पत्रकार महासंघ कोशी प्रदेश सदस्य सुरेन्द्र भण्डारी, महासंघ झापाका उपाध्यक्ष केशव भट्टराई, सम्मानित व्यक्तित्व ल्वागुन, साहित्यकार कृष्ण वराल लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन पवन ताम्लीले गरेका थिए ।

कचनकवलमा आज बिदा

झापा, साउन २८। दक्षिणी झापाको कचनकवल गाउँपालिकाले सोमबार (आज) स्थानीय बिदा दिने निर्णय गरेको छ । गाउँपालिकाले आइतबार सूचना जारी गर्दै सोमबार बिदा दिने निर्णय भएको जानकारी गराएको हो ।

कचनकवल-१स्थित भूतेश्वर महादेव शिवालय मन्दिरमा प्रत्येक साउनको अन्तिम सोमबार स्थानीय मेला लाग्ने गरेकोले गाउँपालिका कार्यालयसहित सबै शैक्षिक संस्था, स्वास्थ्य संस्था लगायतका सम्पूर्ण सरकारी कार्यालयहरू बन्द रहने सूचनामा उल्लेख छ ।

जबरजस्ती करणी अभियोगमा पक्राउ

मोरङ, साउन २८। १४ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा लेटाङ नगरपालिका-५ बस्ने २३ वर्षीय युवराज महरालाई प्रहरीले पक्राउ गरेको छ ।

महराले ती किशोरीलाई साउन २० गते बेलुकी सोही ठाउँस्थित बाँसघारीमा ललाई फकाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय लेटाङबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

बंगलादेशीलाई बन्धक बनाएपछि...

झापा, साउन २८। नेपाल प्रहरीले बङ्गलादेशका नागरिकलाई बन्धक बनाएर फिरौती माग्ने गिरोहलाई पक्राउ गरेको छ ।

प्रहरीको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले बङ्गलादेशका नागरिकलाई वैदेशिक रोजगारको लागि नेपाल हुँदै विभिन्न देश पठाइदिने आश्वासन देखाएर काठमाडौंका विभिन्न स्थानमा ल्याइ बन्धक बनाउने सातजनालाई पक्राउ गरी आइतबार सार्वजनिक गरेको हो ।

पक्राउ पर्नेहरुमा बंगलादेश गाजिपुरका ४७ वर्षीय अमिर हुसेन, बंगलादेश बरिसालका ३७ वर्षीय एमडी मोसिउर, हरिसिद्धि ललितपुर बस्ने बंगलादेशी नागरिक ३८ वर्षीय सलिम मियाँ, सिन्धुपाल्चोक बलेफी-६की २७ वर्षीया तारा नेपाली, बंगलादेशी नागरिक २१ वर्षीय जहाङ्गीर आलम, काठमाडौं हाँडीगाउँ बस्ने बंगलादेशी नागरिक २१ वर्षीय तहमिना बेगम र इलाम चुलाचुली-४की ३३ वर्षीया रोशनी राई रहेका छन् ।

उनीहरुलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले पक्राउ गरी मुलुकी अपराध संहिता २०७४को दफा २११ र २१२ तथा संगठित अपराध निवारण ऐन २०७० बमोजिमको कसूरमा थप अनुसन्धान तथा कारबाहिको लागि आइतबार प्रहरी परिसर काठमाडौं पठाइएको वरिष्ठ प्रहरी उपरिक्षक डा. मनोज केसीले जानकारी दिए ।

पीडितहरुमध्ये कालिमाटीडोलमा रहेको मेमोरियल गेष्ट हाउसबाट एमडी नाजमुल, एमडि इयासिन, इब्राहिम हुसैन र एमडि अल अमिनलाई उद्धार गरिएको छ । त्यस्तै हरिसिद्धिको एक घरमा बन्धक बनाइराखेको अवस्थामा राजोन र फरहाद हुसैनलाई उद्धार गरिएको प्रहरीले जनाएको छ ।

सडक विभागको प्रगति ७०%

काठमाडौं, साउन २८। आर्थिक वर्ष २०७८/०७९मा सडक विभागको प्रगति ५८ प्रतिशत रहेकोमा आव २०७९/०८०मा ७० प्रतिशत भएको छ । अघिल्लो वर्षको तुलनामा गत आवमा प्रगति दर वृद्धि भए पनि अपेक्षा गरे अनुसार नभएको विभागका महानिर्देशक सुशीलबाबु ढकालले बताए ।

अन्तिम चौमासिकमा बजेट व्यवस्थापन हुन नसक्दा कामको प्रगति सोचेअनुरुप हुन नसकेको उनको भनाइ थियो । उनले भने- विभागले ८० प्रतिशत प्रगति हुने अपेक्षा गरेको थियो । त्यस अनुसार काम हुन सकेन ।

वैदेशिक सहायताका आयोजनामा आवश्यकता भन्दा बढी स्रोत राख्ने गरिएकाले अन्य आयोजनाको तुलनामा कम प्रगति हुने गरेको महानिर्देशक ढकालले बताए । सरकारले एक वर्षमा रकम विनियोजन गरेको आधारमा प्रगति मापन गरिन्छ- उनले भने- वैदेशिक सहायता र नेपाली गरी दुई किसिमको स्रोत विनियोजन भएका हुन्छन् । सोही अनुसार प्रगति पनि फरक हुन्छ ।

बुटवल-नारायणगढ सडकका लागि रू. सात/आठ अर्बभन्दा बढी खर्च गर्न नसकिने जानकारी गराइएको जनाउँदै महानिर्देशक ढकालले उक्त आयोजनाका लागि १० अर्बभन्दा बढी रकम विनियोजन भएको बताए । बुटवल-नारायणगढ वैदेशिक आयोजना भएकाले बढी रकम विनियोजन भयो, जसले गर्दा कम प्रगति देखियो- उनले भने ।

राष्ट्रिय गौरवका सडक आयोजनामा अघिल्ला वर्षको तुलनामा गतवर्ष बढी प्रगति भएको ढकालले बताए । उनका अनुसार उत्तर दक्षिण करिडोर अन्तर्गत कोशी, कर्णाली र कालीगण्डकी राजमार्ग पर्दछन् । कोशीमा ४२, कालीगण्डकीमा ४३ र कर्णालीमा २४ प्रतिशत भौतिक प्रगति भएको ढकालले जानकारी दिए । उनका अनुसार पुष्पलाल (मध्यपहाडी)मा ७२ र हुलाकी राजमार्गमा ९१ प्रतिशत प्रगति भएको थियो ।

झण्डै तीन आर्थिक वर्षमा कोभिडका कारण अपेक्षाकृत काम हुन नसकेको बताउँदै महानिर्देशक ढकालले अघिल्ला वर्षको तुलनामा गत आवमा सन्तोषजनक प्रगति भएको उल्लेख गरे ।

'घर ज्वाइँ'मा दयाहाङ र मिरूनाको जोडी

भनिन्छ- 'सबैले बलेकै आगो ताप्छन् ।' अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगरको हकमा यो कुरा लागू हुन्छ । 'कबड्डी ४' र 'जारी'को 'रेकर्डब्रेक' सफलतापछि यो जोडीलाई फिल्ममा खेलाउन मेकरहरुबीच खोसासोख छ । उनीहरुले पनि सहकार्यलाई निरन्तरता दिइरहेका छन् । फिल्म 'नाङ्गो गाउँ'मा काम गरिसकेका उनीहरु भदौबाट फिल्म 'रङ्गेली ग्याङस्टार'मा काम गर्दैछन् ।

यसबीच, दयाहाङ र मिरुनालाई लिएर अर्को नयाँ फिल्म बन्ने भएको छ- 'घर ज्वाइँ' । अनिल बुढा मगरको निर्देशनमा बन्न लागेको फिल्मको मुख्य भूमिकामा एक महिना अगाडि दयाहाङ अनुबन्धित भएका थिए भने यसै हप्ता मिरुनासँग सम्झौता गरिएको छ । फिल्ममा उनीहरुको जोडी बाँधिने जनाइएको छ । आगामी माघबाट छायांकनमा निस्कने फिल्मको निर्माता जनक घर्ती मगर हुन् ।

जिएम मुभि प्रोडक्सनको ब्यानरमा बन्न लागेको फिल्ममा दया र मिरुनासँगै बुद्धि तामाङ, पुष्कर गुरुङ, शिशिर वान्देल, राज थापा काउचाको पनि अभिनय रहनेछ । निर्देशक मगरसहित विनोद खतिवडा र सुभाष कोइरालाको लेखन रहेको फिल्मको छायांकन रुकुममा हुनेछ । नामले नै फिल्मको कथावस्तुबारे बुझाउँछ । रोहित-रत्नको आरआर फिल्म्सले फिल्मलाई देशभर वितरण गर्नेछ ।

जहाँ भुवन, त्यहाँ जीया

कानूनी रुपमा श्रीमान्-श्रीमती भैसकेका छन्, भुवन केसी र जीया केसी । तर, उनीहरु एउटै घरको छतमुनि बस्न थालेको भने एक दशकभन्दा बढी भइसकेको छ । अर्थात् यो जोडी लिभिङ टुगेदरमा छन् । कुनै बेला 'भुवनसँग विवाह गर्न तयार छु' भन्ने अभिव्यक्ति दिएकी जीया अहिले भुवनको जीवनको साहरा बनेकी छन् । भुवनका हरेक उतार-चढावमा उनी सतिसालझैं उभिने गरेकी छन् ।

भुवनले निर्माण तथा निर्देशन गर्ने फिल्ममा जीयाले नै अभिनेत्री खोजिदिन्छिन् । साम्राज्ञी आरएल शाह, उपासना सिंह ठकुरी उनकै सिफारिसमा फिल्ममा जोडिएका थिए । भुवनको आलोचना हुँदा उनी बचाउमा उत्रिन्छन् । उनलाई अनमोल केसीको आलोचना पनि सैह्य हुँदैन । भुवनसँग जोडिएपछि अभिनय नै छाडेकी उनले विवाह नभए पनि भुवनको घर र जीवन सम्हाल्दै आएकी छन् । भुवन पनि कहीं जाँदा जीयाको साथ छाड्दैनन् । देश तथा विदेशमा हुने कार्यक्रममा उनीहरु प्रायः एकसाथ पुग्छन् ।

देशभरका ...

सो अवसरमा नेपाल शिक्षक संघ कोशी प्रदेश अध्यक्ष तेजप्रसाद चौलागाँई, शिक्षक संघ झापा अध्यक्ष तोयानाथ दाहाल, शिक्षक संगठन झापा सचिव लम्बोदर पौडेल, शिक्षक महासंघ नगर अध्यक्ष लेखनाथ पौडेललगायतले आम शिक्षकका भावना समेट्ने गरी महासंघले अघि सारेका मागलाई सरकारले शीघ्र सम्बोधन गर्नुपर्ने माग गरे ।

महासंघका चरणबद्ध आन्दोलन अन्तर्गत अब ३० गते समन्वय इकाई, ३२ गते सामाजिक विकास मन्त्रालय तथा भदौ १ गते संघीय सांसदहरूलाई माग पत्र बुझाउने कार्यक्रम सार्वजनिक भएका छन् ।

गरिबी ...

मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, खानेपानी तथा ऊर्जा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, सामाजिक विकास मन्त्रालय, उद्योग कृषि तथा सहकारी मन्त्रालय, पर्यटन बन तथा वातावरण मन्त्रालयका सचिवहरुले आ-आफ्नो विषयगत मन्त्रालयको प्रगति विवरण, समस्या र समाधानका उपायहरुका बारेमा प्रस्तुतिकरण दिएका थिए ।

त्यसैगरी प्रदेश लोकसेवा आयोग र प्रदेशसभा सचिवालयका सचिवहरुले पनि आ-आफ्ना निकायका प्रगति विवरण प्रतिवेदनहरु प्रस्तुत गरेका थिए । मुख्यमन्त्रीको कार्यालय तथा मन्त्री परिषद् सचिवालयका प्रमुख सचिव डा. दीपक काफ्लेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अर्थमन्त्री बाबुराम गौतम, खानेपानी मन्त्री प्रदीप सुनुवार, भौतिक पूर्वाधार मन्त्री कमल जगेबू र स्वास्थ्यमन्त्री निर्मला लिम्बूले आफ्नो मातहतका मन्त्रालय यसका विषयमा उठेका सवालहरु र समाधानका विषयमा काम गर्न सचिवहरुलाई निर्देशन दिएका थिए ।

कर्मचारी आवश्यकता

यस पूर्वाञ्चल दैनिक पत्रिका वितरण गर्नका लागि अर्जुनधारा क्षेत्रमा एक जना वितरक आवश्यकता परेकोले आफ्नै साइकल भएको स्थानीय व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

नोटः काम गर्नुपर्ने समय बिहान ६:३० बजेदेखि बिहान ८:०० बजेसम्म

सम्पर्क :- ९८१६९८१०१७, ९८४२६३४७४०

एक्सेल डेभलपमेन्ट बैंक लि.

Excel Development Bank Ltd. तपाईको स्थानीय साझेदार (Your Local Partner)

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था (कोशी प्रदेश कार्यक्षेत्र भएको)

Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

ऋण/कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना

प्रथमपटक प्रकाशित मिति : २०८०।०४।२५

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनुपर्ने सांवा, ब्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दासमेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवम् ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/सञ्चालक लगायत ऋण कर्जासंग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित मितिले ३५ (पैतिस) दिनभित्र यस बैंक/सम्बन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनुपर्ने सम्पूर्ण सांवा, ब्याज र अन्य दैस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवम् ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/सञ्चालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबैपक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा नाम समावेश गर्न लेखी पठाई कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम विक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही अघि बढाइने व्यहोरा सुचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम विक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट बैंकको सम्पुर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरा समेत सुचित गरिन्छ ।

क्र. सं	ऋणी र व्यक्तिगत जमानतकर्ता/धितो जमानीकर्ताको नाम थर तथा तिन पुस्ते बिवरण	कर्जा शीर्षक	धितो सुरक्षणको विवरण
	कर्जा लगानी गर्ने शाखा कार्यालय, झापा		
१.	**ऋणी/धितो जमानीकर्ता:** निजी तथा साझेदारी फर्म दर्ता ऐन २०७७ तथा प्रदेश औद्योगिक व्यवसाय ऐन २०७७ बमोजिम प्रदेश सरकार प्रदेश नं. १ उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय इलाममा मिति २०७७/१०/२८ मा उद्योग दर्ता नं.४८७३/०७७/०७८ अन्तर्गत रजिष्ट्रर्ड/दर्ता भएको रजिष्ट्रर्ड ठेगाना इलाम जिल्ला माईजोगमाई गा.पा. वडा नं. ०५ भै हाल सोही स्थानस्थित **आधुनिक कृषि तथा पशुपालन व्यवसाय फर्म** का ऐ. का. प्रोप्राइटर होमनाथ घिमिरेको नाती कर्णाखर घिमिरेको छोरा नागरिकता बमोजिम इलाम जिल्ला सोयाङ्ग गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भै हाल इलाम जिल्ला माईजोगमाई गा.पा. वडा नं. ०५ बस्ने मिति २०६६/०७/२७ मा जिल्ला प्रशासन कार्यालय इलामबाट जारी गरिएको ना.प्र.प.नं.०३-१-०४४/९२६३९ भएको वर्ष ३१को **दिपेन्द्र घिमिरे** । **व्यक्तिगत जमानीकर्ता:** ननाम: निशा भण्डारी बाबु : कृष्ण कुमार भण्डारी पति : दिपेन्द्र घिमिरे ना.प्र.प.नं. : ०४/१००८/१२१९(झापा) ठेगाना: झापा जिल्ला बुधवारे गा.वि.सवडा नं. ०२ स्थायी ठेगाना भइ हाल इलाम जिल्ला माईजोगमाई गा.पा. वडा नं. ०५ बस्ने ।	व्यावसायिक आवधीक कर्जा	दिपेन्द्र घिमिरेको नाममा मालपोत कार्यालय. इलाममा दर्ता कायम रहेको इलाम जिल्लासोयाङ्ग गा.वि.स वडा नं. १ स्थित कि.नं. १६ को क्षेत्रफल **२१-६-३-१ रो.आ.पै.दा.** (एक्काइस रोपनी छ आना तिन पैसा एक दाम) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

एक्सेल डे. बैंक लिमिटेड,
कर्जा असूली विभाग

मखमली महिला बचत तथा ऋण सहकारी संस्था लि.

कार्यालय : मेचीनगर-६, काँकरभिट्टा
फोन नं: ०२३-५६७०९३

ऋण बुझाउन आउने सम्बन्धी अन्तिमपटकको ७ दिने सूचना

यस संस्थाका सेवा केन्द्रबाट तपसिलमा उल्लेखित ऋणीले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको ऋण कर्जा तथा बैङ्किङ सुबिधाको साँवा, ब्याज र अन्य दस्तुरसमेत यस सहकारी संस्थासँग गरेको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा नतिरी नबुझाएको हुँदा कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत सोको बेवास्ता गरी यस संस्थालाई बुझाउनु पर्ने रकम नतिरी नबुझाई ऋण/कर्जा तथा बैङ्किङ सुबिधा सम्बन्धी शर्त बन्देज उल्लङ्घन गरेकोले संस्थामा कर्जा सुरक्षणवापत रोक्का रहेको तपसिल अनुसारको धितो लिलामीका लागि मिति २०८०/०१/१४ मा १५ दिने सूचना प्रकाशित गरिएको छ । उक्त धितो लिलामीका लागि मिति २०८०/०३/११ मा ३५ दिने सूचना समेत प्रकाशित गरिएको थियो । अन्तिमपटकको ७ दिने सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र संस्थाको कार्यालयमा सम्पर्क राखी संस्थावाट लिएको कर्जा तथा बैङ्किङ सुबिधाको सम्पूर्ण साँवा, ब्याज र अन्य दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला । सो म्यादभित्र ऋणीले आफूले लिएको कर्जा तथा बैङ्किङ सुबिधाको सम्पूर्ण साँवा, ब्याज र अन्य दस्तुर चुक्ता भुक्तान नगरेमा सहकारी ऐन २०७४, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३, संस्थाको स्वीकृत विनियम २०६५ र कर्जा नीति २०६५ समेतलाई आधारमानी प्रचलित कानून बमोजिम यस संस्थासँग गरेको लिखत अनुसार ऋणी, प्रोपाइटर/सञ्चालक तथा धितो जमानतकर्ता समेतलाई कालोसूचीमा राखी कानूनी कारवाही गरी संस्थाको लेना रकम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री समेत गरी असुलउपर गरिनेछ । तपसिलमा उल्लेखित धितोको लिलाम बिक्री अन्तिम पटकको ७ दिने सूचना प्रकाशित गरेको मितिले, ७ दिन पश्चात धितो साकार गरी दाखा दर्ता गरिनेछ । पछि तपाइको कुनै उजुर वाजुर लाग्ने छैन ।

भाखा नाघेको ऋणीहरुको नामावली

क्र.सं.	कर्जा नं.	ऋणीको नामथर	ठेगाना	बाबुको नाम	बाजेको नाम	पति/पत्नी	कार्यालय	जग्गाधनीको नाम	जग्गाधनीको बुबाको नाम	जग्गाको ठेगाना	कि.नं.	क्षेत्रफल
१	BL-404	छुनु गुरुङ	मेचीनगर-६	कुमार राई	जीतबहादुर राई	सागर गुरुङ	काँकरभिट्टा	छुनु गुरुङ	कुमार राई	नकलबन्दा-८	३५४५	०-०-११.५०

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७५९५०२९५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

राष्ट्रिय स्वार्थमा सहमति होस्

हिजोसम्मका राजनीतिक परिवर्तनहरु राजनीतिक दलहरुको सहमति, सहकार्य र सहभागिताबाट सम्भव भएको थियो । त्यसकै बलमा राजनीतिक पद्धतिमा समेत परिवर्तन आयो, जसको प्राप्तिमा जनआन्दोलनहरुको भूमिका र योगदान छ । त्यहीकारण राजनीतिक दलका नेताहरु सहमति त्यतिबेला मात्र खोज्छन् जब-जब आफू सत्तामा बसेका हुन्छन् । यस्तो प्रवृत्ति प्रदेशदेखि संघ सरकारमा रहेकाहरुमा देखिने गरेको छ । यद्यपि विकासका निम्ति सबैको सहमति र सहकार्य आवश्यक हुन्छ । यस्तो सहकार्यले समाज परिवर्तनमा छिट्टै सकारात्मक परिणाम पनि देखिन्छ । तर, हामी कहाँ त्यस्तो उदारता कुनै दलभित्र देख्न पाइएको छैन । यही नै देश र जनताको समृद्धिको बाधक हो र दुर्भाग्य पनि ।

विगतमा राष्ट्रिय सहमति कायम गरेरै राजनीतिक परिवर्तन सम्भव भयो । त्यसकै आधारमा संविधानसभाको गठन तथा संविधान निर्माण गर्ने जटिल कार्य सम्भव भयो । त्यसैले सहमतिको संस्कृति अहिले पनि जरुरी छ । पछिल्लो आमनिर्वाचनले पनि कुनै एउटा दललाई स्पष्ट बहुमत दिएको छैन, त्यसैले गठबन्धनको सरकार बनिएको छ । तर, गठबन्धनकै दलहरुका बीच व्यक्ति एवम् दलगत स्वार्थका कारण मतैक्यता हुन नसक्दा विकासका गतिविधि अपेक्षित ढंगले सञ्चालन भइरहेका छैनन् । अझ सत्ता बहिर्गमन हुनासाथ हिजोको धारणा, दृष्टिकोण र व्यवहार राष्ट्रिय स्वार्थ प्रतिकूल लाग्ने गरेका कारण सहमति र सहकार्य केवल नारामै सीमित हुने गरेको छ । जसका कारण राजनीति अस्थिर छ र संकटपूर्ण आर्थिक अवस्थाको पनि सामना गरिरहनु परेको छ ।

वर्तमानमा देश र जनताले सामना गर्नु परेको समस्याको निदान सबै दलको सहमतिबिना सम्भव छैन । दलहरु चाहे पक्षका हुन् वा प्रतिपक्षका सबैले बृहत् राष्ट्रिय स्वार्थका लागि सहमति गर्नैपर्छ । किनकि राजनीतिक दलहरुको उद्देश्य नै देश र देशबासीको भलाइ हो । यसका लागि स्वार्थरहीत सहमति अपरिहार्य हुन्छ । राष्ट्रिय मुद्दामा समान धारणा र दृष्टिकोण बनाउन सकिएन भने हातेमालो गर्ने उदारता देखिएन भने आममानिसको लोकतन्त्रप्रतिको आस्था र विश्वास खण्डित हुनसक्छ । त्यसैले पनि अस्तित्वमा रहेका दलहरुले सुस्थिर राजनीतिक प्रणाली र संघीयताको गतिशील कार्यान्वयनमा सुस्पष्ट अग्रसरता देखाउनैपर्छ ।

सन्दर्भ : जनतासँग माओवादी विशेष रूपान्तरण अभियान

माओवादी केन्द्रको रूपान्तरण सम्भव छ ?

तीर्थराज खरेल

सत्तारूढ नेकपा (माओवादी केन्द्र)ले पार्टीभित्रको एकतालाई थप बलियो बनाएको दाबी गर्दै 'जनतासँग माओवादी विशेष रूपान्तरण अभियान' सञ्चालन गर्ने निर्णय गरेको छ। माओवादी विशेष अभियान भनेर जनतासँग जोडिने र छ हजार सात सय वडामा पुगेर तीन महिने अभियान चलाउने योजना अन्तर्गत एउटा पनि जनताको घर नछोड्ने, सहिद, बेपत्ता सबै घर परिवारसँग भेट्ने जनाइएको छ। माओवादी केन्द्रले मंसीरमा विधान सम्मेलन गर्ने जनाउँदै भदौ १६ गतेबाट तीन महिने अभियान शुरु गर्ने भएको हो। मंसिरमा हुने विधान अधिवेशनले पार्टीका सबै तहमा आन्तरिक निर्वाचन गर्ने गरी विधान संशोधन गर्ने माओवादी निर्णय छ। सहमतिबाट नेतृत्व चयन हुने र आन्तरिक प्रतिस्पर्धा नहुँदा जनतासँग नेता टाढिँदै गएको माओवादी बुझाइ छ।

असार १७ देखि २१ सम्म राजधानीमा चलेको केन्द्रीय समितिको चौथो पूर्ण बैठकबाट तीन महिनापछि विधान सम्मेलन र लगत्तै विशेष महाधिवेशन गर्ने निर्णय भएको हो। सङ्गठनात्मक संरचना छरितो बनाउने, पार्टीमा विधि स्थापित गर्ने उद्देश्यका साथ विधान सम्मेलन गर्न लागिएको पार्टीको सोच छ। तीन महिने रूपान्तरण अभियानका क्रममा पार्टीलाई वैचारिक, राजनीतिक, सङ्गठनात्मक र सांस्कृतिक रूपमा पुनर्गठन गर्ने बताइएको छ। बैठकको समापन गर्दै अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पार्टीले जनसम्बन्धलाई बचाइराख्न नसकेको स्वीकार गर्दै असफलताको प्रयोगबाट फेरि उज्यालो बाटोमा लाग्न तीन महिने 'जनतासँग माओवादी विशेष रूपान्तरण अभियान' घोषणा गरिएको बताएका थिए।

प्रश्न छ- माओवादी केन्द्रले जनतासँग टुटेको सारङ्गीको तार फेरि जोड्न सक्छ ? २०५२ सालको माघ महिनामा नेकपा माओवादी समर्थित जनमोर्चाको तर्फबाट डा. बाबुराम भट्टराईले तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई ४० बुँदे माग प्रस्तुत गरेका थिए। भट्टराईले पेश गरेका माग पूरा गर्न सक्ने अवस्थामा देउवा थिएनन्। २०५२ फागुन १ बाट आफूले बुझाएका चालीस बुँदे मागकै आडमा माओवादीले जनयुद्ध शुरु गऱ्यो। युद्ध १० वर्षपछि रोकियो, युद्धमा झण्डै १७ हजार नेपालीले ज्यान गुमाए। युद्ध रोकेर शान्ति प्रक्रियामा आएपछि निर्वाचनबाट माओवादी पटक-पटक सत्तामा पुग्यो। तीन पटक पार्टी अध्यक्ष प्रचण्ड प्रधानमन्त्री भए र एक पटक डा. बाबुराम भट्टराईले सरकारको नेतृत्व गरे। २०५२ सालमा बुझाएका चालीस बुँदे मागमा कतिपय यस्ता माग पनि रहे जसलाई आफू सत्तामा हुँदा माओवादीले पूरा नगरेको मात्र होइन आफैले लत्याएर हिँड्यो।

माओवादी नेतृत्वमा यस्तो रङ्गफेराइ कसरी भयो ? जनसङ्घर्ष, जनान्दोलन र जनयुद्धको थालनी गरी सञ्चालन गर्न र त्यसलाई निष्कर्षमा पुऱ्याउन पार्टी नेतृत्व, कार्यकर्ता र जनताका बीचमा बलियो सम्बन्ध हुनुपर्छ। जनशैली भनेको जनतासँग घुलनशील हुने शैली हो। जनतासँग घुलमिल हुन सकेमा मात्र जनसङ्घर्ष, जनान्दोलन र जनयुद्धका उपलब्धिलाई संस्थागत गर्न सकिन्छ। तत्कालीन नेकपा (माओवादी) र सात संसदवादी दलहरूबीच २०६२ सालमा भारतको संस्थापन पक्षको साथ र समर्थनमा नयाँ दिल्लीमा सम्पन्न १२ बुँदे सहमतिको आधारमा दशवर्षे जनयुद्धको आडमा भएको १९ दिने जनान्दोलनले ल्याएको परिवर्तनलाई संस्थागत गर्न जनचाहनाको संविधान निर्माण गर्ने मुख्य उद्देश्यका साथ २०६४ साल चैत्र २८ गते संविधानसभाको चुनाव सम्पन्न भएको थियो। तत्कालीन एमाओवादी सबैभन्दा ठूलो शक्तिको रूपमा नेपाली राजनीतिक आकाशमा उदाएको थियो। तर, माओवादीको बहुमत भएको संविधानसभाले जनअपेक्षा अनुरूप सफलता दिन सकेन र पटक-पटक म्याद थप्दा पनि संविधान बनाउन नसकी छ वर्ष गुजारेर संविधानसभाको विघटन गरियो। अर्को संविधानसभाको निर्वाचन २०७० सालको मंसीर ४ मा भयो। संविधानसभाका लागि १५औं हजारको शहादतबाट निर्मित संविधानसभाको चुनावको परिणाम तत्कालीन एकीकृत माओवादीको लागि अप्रत्याशित थियो। कुनै पनि पूर्व समूहको निरन्तरता नभएर एकता र ध्रुवीकरणको बीचबाट विकसित कम्युनिष्ट क्रान्तिकारीहरूको मूलधार भएको दावी गर्ने माओवादी पार्टी आज आधा दर्जनभन्दा बढी टुक्रामा विभक्त छ।

जनपक्षीय नीति र सामाजिक रूपान्तरणका जनप्रिय कार्यक्रमको जगमा तत्कालीन नेकपा (माओवादी)ले जनयुद्ध शुरु गरेको थियो। त्याग, तपस्या र बलिदानको उच्च स्पीरिटसहित माओवादी पार्टी विकसित भएको कुरा साँचो हो। लामो समयदेखि व्याप्त रहेको सङ्क्रमणकालको अन्त्य गरी देशलाई समुन्नति, शान्ति र स्थिरताको धारमा हिँडाउने आजको मूल कार्यभार हो। तर, १५औं हजार सहिदको बलिदान, छ हजारभन्दा बढी बेपत्ताको योगदान, सयौं घाइते योद्धाहरूको कष्ट, लाखौं कार्यकर्ताको लगानी र करोडौं जनताको साथ र समर्थनको आधारमा विकसित नयाँ परिस्थितिलाई परिवारवाद, तस्करसँगको सामिप्यता, जनताका समस्याप्रति उदासीनता, व्यक्तिगत लोभलालच र महत्वकांक्षासँग सौदावाजी गरेर विश्व कम्युनिस्ट आन्दोलनमै अनुपम उदाहरण प्रस्तुत गर्ने उचाइमा पुगेको क्रान्तिको उभारलाई बरफ खन्याएर नेपाली जनताप्रति विश्वासघात भएको आजको टर्रो यथार्थ हो। जनताको दह्रो समर्थन बिना कुनै पनि देश र समाजका परिवर्तनका मुद्दाहरू अघि बढ्न सक्दैनन्।

जनयुद्ध, जनान्दोलन, शान्ति प्रक्रिया र संविधानसभाको निर्वाचन हुँदै अघि बढ्ने क्रममा १५औं हजार सहिदको रगतको के मूल्य भयो भन्नुपर्ने अवस्था आज सृजना भएको छ। बलिदान खेर गएको होइन भनेर दाबा गरे त्यो दावा फिक्का हुन्छ। त्यति ठूलो बलिदानको पृष्ठभूमिमा भन्न सकिन्छ- समर्थक, शुभचिन्तक सर्वसाधारण जनताको ठूलो आशा माथि वज्रघरो प्रहार भएको छ। पार्टीका पेचकिलाहरू खुकुलो बनाएर पार्टीको शक्ति र प्रभावलाई दुरुपयोग गरी व्यक्तिगत लाभका लागि भजाउने प्रवृत्ति प्रभावी हुँदै गएको कारण जनतामा माओवादीप्रति निराशा जन्मेको हो। तर्क गर्न सकिन्छ- सत्ताको उपल्लो कुर्सीमा विराजमान प्रचण्डलाई हेरेर नेकपा माओवादी केन्द्र नै आजको सबभन्दा ठूला, बलियो र सबैभन्दा बढी जनाधार भएको पार्टी हो। तर, वास्तविकता त्यस्तो होइन।

जनअपेक्षा विपरीत क्रियाकलापकै कारण जनसमर्थन ओइलाउन थालेको हो। पार्टीका नीति तथा कार्यक्रमहरू केन्द्रदेखि तल जाँदै गर्दा बाटैमा अलपत्र परेर लोप हुने तीतो परिस्थिति देखापर्नु माओवादी केन्द्रका लागि सामान्य विषय बनेको छ यतिबेला। तीन महिने विशेष रूपान्तरण अभियान पनि एक औचारिकता पूरा गर्ने कार्यक्रम नहोला भन्न सकिँदैन। जनयुद्धकालमा पार्टीका हरेक निर्णय ठीक भए पनि बेठीक भए पनि लागू हुन्थे, ती निर्णयका निर्मन समीक्षा हुन्थे, तर आज अवस्था त्यो रहेन। पार्टीका समर्थक शुभचिन्तकहरूमा घोर निराशा उत्पन्न भएको छ र पार्टीमा गुटबन्दी मौलाएको छ भनेर उभिन सक्ने कार्यकर्ता पार्टीभित्र कम हुँदै गएका छन्। नेतृत्वका गलत क्रियाकलापको आलोचना गर्ने कुनै कार्यकर्ता बाँकी नरहनु भनेको माओवादी केन्द्रका लागि सबभन्दा दुःखद् स्थिति हो। विशेष रूपान्तरण अभियानको पूर्व सन्ध्यामा माओवादी नेता तथा कार्यकर्ताको मनोवृत्ति हेर्दा लाग्छ- उनीहरू सर्वसाधारण जनताको दयनीय अवस्थासँग जानकार छैनन्। माओवादी केन्द्र ध्वंश होइन, सृजना र निर्माण गर्ने ठाउँमा छ भन्ने सच्चाइ बुझ्न चाहँदैन। माओवादी केन्द्रले मुलुकको आमूल रूपान्तरणको खाका दिने र लागू गर्ने बेला हो अहिले।

विगतका आफ्ना वाचा-बन्धनलाई व्यहारमा रूपान्तरण गर्ने बेला हो यो। तर, के जनयुद्ध र जनआन्दोलनमा बलिदान गर्नेका परिवार आज खुशी छन् ? युद्धमा घाइते भएकाहरू आजको अवस्थादेखि सन्तुष्ट छन् ? १५औं हजार सहिदको बलिदानको मूल्य खोइ ? उनीहरूले कस्का लागि र के का लागि सहादत प्राप्त गरेका थिए ? उनीहरूको सपनाको गरिमा के रह्यो अब ? जनतासँगका जीवन्त सम्पर्कका तारहरुलाई चुँडालेर पार्टी नेतृत्व नित्यनिरन्तर अभिमान गर्छ भने समाजमा भएका अन्याय र विभेदका घटनालाई नजरअन्दाज गर्छ भने खुल्ला मोर्चाबाट आएका पार्टीका नेता कार्यकर्ताहरू पनि तार चुँडालेर फुक्का हुन सक्छन्, कम्तीमा पनि धागो चुँडालेर विकल्पका सम्बन्धमा मन्थन गर्न सक्छन्।

विवेकलाई बन्दकी नराखी पार्टीको आधार बनेर, समाजका विविध कोणबाट उठेका सुन्ने नसकिने र पचाउने नसकिने आरोपहरूलाई पनि आँशुसँगै निलेर भए पनि पार्टीका लागि क्रियाशील हुने नेताकार्यकर्ताहरूले पार्टीका लागि थोरै भए पनि योगदान गरेका थिए। तर, तिनीहरु आज पार्टीको मूलधारबाट धेरै टाढा छन्। माओवादी नेतृत्वप्रति सबैभन्दा बढी आरोप छ- जनताका सपनामाथि किन बरफ खन्याइयो ? नेपाल आमाका सर्वोत्तम सन्तानहरू जसले आफ्नो रातो र तातो रगत मातृभूमिको मुक्ति र जनताको स्वतन्त्रताका लागि बगाएका थिए, आज उनीहरुको सपना फगत पानी बनाइएको छ।

जनता बिनाको पार्टी हुँदैन। जनतासँग विच्छेदन गरेर पार्टी जीवन्त हुन सक्दैन, जसरी टुटेको तार भएको सारङ्गीबाट संगीत निकाल्न सकिन्न। तर, माओवादी केन्द्रले यो विशेष रूपान्तरण अभियान मार्फत टुटेको सारङ्गीको तार जोडेपछि मात्र सुमधुर सङ्गीत निकाल्न सकिन्छ भन्ने सच्चाइलाई आत्मसात गर्छ ? जनतासँग अन्तरघुलित हुने, जनतासँग जाने, जनताको आक्रोश सुन्ने, जनताको कठोर आलोचना सुन्ने र आफूलाई सच्याउँदै अघि बढ्ने योजनाका साथ जनसम्बन्ध सुदृढ गर्ने र जनतालाई झकझकाएर रक्त नलीहरु चुस्त बनाएर पार्टी र जनताबीचको सम्बन्धलाई नियमित बनाउन माओवादी नेतृत्व अघि सर्छ ? यसमा कम विश्वास गर्न सकिन्छ। आश र त्रास भएपछि कार्यकर्ता बोल्दैनन्। वायरिङका विच्छेद भएका तारहरू नजोडी घरमा करेण्ट प्रवाहित हुन सक्छ र ?

धेरै कमी-कमजोरी हुँदाहुँदै पनि साठी र सत्तरीको दशकमा अध्यक्ष माओका अगुवाइ र चिनियाँ कम्युनिस्ट पार्टीको पहल र नेतृत्वमा सञ्चालित सर्वहारा सांस्कृतिक क्रान्तिका शिक्षा नेपाली कम्युनिस्टरूका लागि महत्त्वपूर्ण सन्दर्भ हुन सक्छ। जनताको सुख-दुःखको कुरा पार्टीले सुन्छ र जनताले नै पार्टीको संरक्षण गर्छन् भन्ने सच्चाइलाई बुझ्न आवश्यक छ। स्वार्थ र अहम्ले वशिभूत भएका, गुटउपगुटमा विभक्त र राज्यकोषको दोहनमा रमाउन आवृत्त हुँदै गएका नेताहरूले यो कुरा बुझ्न गाह्रो छ। इतिहासको कालखण्डमा माओवादी आन्दोलनको अति विशिष्ट योगदान रहेको कुरालाई कसैले छोपेर छोप्न सक्दैन, तर त्यसकै भजन गाएर र त्यसकै महिमामण्डित गरेर अब मुलुक अघि बढ्दैन।

भ्रष्टाचारका फाइल खोल्नु राम्रो र स्वागतयोग्य कुरा हो। तर, अहिले उदाएका नयाँ दलहरू भैं प्रियतावादी बन्ने छुट माओवादी केन्द्रलाई छैन। जेका लागि र जसका लागि माओवादी अभियान शुरु गरिएको थियो त्यो एकपटक सम्झन जरुरी छ। जनजीविका, लोकतन्त्र र राष्ट्रियताका सन्दर्भमा के कार्यक्रम छन् ? माओवादी केन्द्र सत्तामा आएपछि मुलुकमा रोजगारी, स्वालम्बन र आर्थिक रूपान्तरणका के त्यस्ता जनताका मन छुने कार्यक्रम ल्याइए ? निरङ्कुश राजतन्त्रको अन्त्यको प्रमुख आधार माओवादीको जनमुक्ति सेना र जनताको परिवर्तन प्रतिको उत्कट चाहना नै हो।

जनताको आँशु, पसिना र रगतबाट स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र त्यसको संस्थागत विकास आजको मूल कार्यभार हो। एउटा हातले ताली बज्दैन, एकातिरबाट निरन्तर तार टुटाउने र अर्को पक्षले जोड्ने गरेर समस्याको समाधान हुँदैन। नेपालको इतिहासमा अति महत्त्वपूर्ण भूमिका खेल्ने क्रान्तिकारी पार्टी प्रजापरिषद् आज कहाँ छ ? चीनमा गणतन्त्र स्थापना गर्न महत्त्वपूर्ण भूमिका खेल्ने डा. सनयात्सेन नेतृत्वको कोमिन्ताङका नेतृत्वमा नभएर किन चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा जनवादी क्रान्ति सम्पन्न भयो ? इतिहासको तस्वीर देखाएर माओवादी केन्द्र अब अगाडि बढ्न सक्दैन। पिछडिएका वर्ग, भूमिहीन, सुकुम्बासी, दलित र राज्यको मूलधारको प्रगतिबाट वञ्चितिमा परेका र पारिएका वर्गका लागि माओवादी केन्द्रले सोच्दैन भने रूपान्तरण अभियान फगत औपचारिकता हुनेछ।

tirthakharel2028@gmail.com

डा. गोविन्द कँडेल, बरिष्ठ फिजिसियन

मासुजन्य खानेकुरा खाँदा ध्यान दिनुपर्ने कुराहरु

नेपाली समुदाय मध्ये मांसाहारी वर्गले उल्लेख्य रूपमा सेवन गर्ने मासु स्वास्थ्यवर्द्धक हुनु जरुरी छ। प्रोटिनको उच्चतम् स्रोत मासुलाई सन्तुलित रूपमा खाएमा स्वस्थ भइन्छ भने आवश्यकताभन्दा बढी सेवन गर्नाले विभिन्न रोग लाग्न सक्दछन्। तसर्थ निम्नलिखित कुरामा ध्यान दिनुपर्दछ :

१) छाला तथा बोसो नभएको मासु प्रयोग गर्ने। पकाउनुभन्दा अगाडि बोसो छुट्याउने।
२) भित्री अङ्ग मुटु, कलेजो, फोक्सो, मृगौला (भुटन) नखाने।
३) खसी, लोकल कुखुराभन्दा सेतो मासु जस्तै माछा, ब्रोइलर कुखुरा बढी स्वस्थ मानिन्छ।
४) ओभनमा पकाउँदा तेल कम प्रयोग हुन्छ। त्यसैले चुल्होमा फ्राइ गर्दाभन्दा बढी स्वस्थ हुन्छ।
५) मासुसँग प्रशस्त सलाद (काँक्रो, गाजर, मुला, कागती, प्याज, बन्दा, हरियो सागपात) सेवन गर्नुपर्छ। यसले कब्जियत हुन दिँदैन। साथै पाइल्स बल्फन दिँदैन।
६) तेलमा ओलिभ आयल राम्रो हुन्छ।
७) शारीरिक व्यायाम नछाड्ने।
८) दशैं तिहार जस्ता चाडपर्वहरू, सार्वजनिक विदामा धेरै मासु माछा र चिल्लो खानाले पेटमा अम्लियपन बढ्ने, चिल्लोले मधुमेहका बिरामीमा ग्लुकोजको मात्रा बढ्ने र कोलेस्ट्रोल बढ्न गई हृदयघात, मस्तिष्कघात एवम् युरिक एसिड बढ्न सक्छ।
९) राम्ररी नपाकेको, काँची मासु खानाले विभिन्न जुका प्रजातिका कीटाणुहरू मस्तिष्कमा पुगेर छारे रोग लाग्न सक्छ।
१०) रोगी एवम् मरेका जीवजन्तु, सडेगलेको मासु प्रयोग नगर्ने।

याक पालन नै आम्दानी प्रमुख स्रोत : समुद्र सतहदेखि चार हजार पाँच सय मिटर उचाइमा अवस्थित ताप्लेजुङमा मिक्वाखोला गाउँपालिका–५ लोदेन खर्कमा रहेको याक । उच्च हिमाली क्षेत्रका समुदायको प्रमुख आम्दानीको स्रोत याक पालन हो । दूध, घ्यु, छुर्पी र मासुका लागि याक पालन गर्दै आएका छन् । एउटा याकको एक लाखदेखि एक लाख ३० हजार रुपैयाँसम्ममा खरिद बिक्री हुने स्थानीयको भनाइ रहेको छ । *तस्वीर : रासस*

मीना डेरीमा आगलागी

पाँचथर, साउन २८ । फिदिम नगरपालिका ३ नम्बर वडाको लालीखर्कस्थित मीना दूध डेरीमा आगलागी भएको छ ।

स्थानीय टीका राईले सञ्चालन गरेको मीना दूध डेरीमा आगलागी हुँदा ३० लाख बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ ।

काठ र टिनको बेराले बनेको एक तले घरको डेरीभित्र रहेको १० कुइन्टल छुर्पी, घ्यू, दूध जाँच्ने सेनेलाइजर मेसिन एक थान, डि-फ्रिज एक थान, ४० लिटर क्रिम, डेरी मेसिन एक थान, तौल मेसिन एक थान पूर्णरुपमा जलेर नष्ट भएको जनाइएको छ ।

स्थानीयको पहलमा आगलागी नियन्त्रणमा आएको र उक्त घटनामा मानवीय तथा चौपायमा कुनै क्षति नभएको प्रहरीले जनाएको छ ।

रोजगार संवाद तथा वृत्ति परामर्श सम्बन्धी अन्तरक्रिया

कमल, साउन २८ । कमल गाउँपालिकामा एकदिने रोजगार संवाद तथा वृत्ति परामर्श सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कमल गाउँपालिका रोजगार सेवा केन्द्रको आयोजनामा सम्पन्न कार्यक्रममा गाउँपालिकाभित्र रहेका उद्योगी, व्यवसायी, बजार समितिका प्रतिनिधिका बीच कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा गाउँपालिकाभित्र सञ्चालन भएका उद्योग सञ्चालनमा आइपरेका समस्या र समाधान, उद्योगबाट उत्पादित वस्तुको बजारीकरण, स्थानीय उद्योगमा आवश्यक जनशक्ति व्यवस्थापन सीपमूलक तालिम सञ्चालन र त्यसको प्रभावकारिता लगायतका विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो ।

कार्यक्रममा कमल गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राईले गाउँपालिकाभित्र रहेका सबै उद्योगी तथा व्यवसायीलाई करको दायरामा ल्याइने बताउँदै स्थानीय उद्योगबाट उत्पादित सामग्रीलाई बजारीकरण गर्ने स्थानीय युवालाई रोजगार सिर्जना गर्ने, गाउँपालिकाबाट सञ्चालित सीपमूलक तालिम आवश्यकताको आधारमा सञ्चालन गर्ने र स्थानीय उत्पादनलाई बजारीकरणमा आवश्यक सहयोग गर्ने अध्यक्ष राईले बताए ।

कार्यक्रममा कमल उद्योग वाणिज्य संघका अध्यक्ष वीरेन्द्र अधिकारी, केर्खा बजार व्यवस्थापन समितिका अध्यक्ष देवेन्द्र दाहाल, उद्यमशील महिला जागरण केन्द्रकी अध्यक्ष शान्ता उप्रेती दाहाल, ढाका व्यवसायी झुमा संग्रौला बाह्रघरे बजार व्यवस्थापन समितिका अध्यक्ष विदुर गिरी लगायतले उद्योग सञ्चालन र बजारी करणमा देखिएका समस्या र त्यसको समाधानका बारेमा सुझावसहित आफ्नो भनाइ राखेका थिए ।

कार्यक्रमको सहजीकरण रोजगार संयोजक भरत तिवारीले गरेका थिए ।

कांग्रेस रुपान्तरणको अभियानमा

अर्जुनधारा, साउन २८ । नेपाली कांग्रेस रुपान्तरण अभियान अन्तर्गत जिल्ला कार्यसमिति निर्देशन बमोजिम अर्जुनधारा नगरपालिका वडा नं. ९ को वडा सम्मेलन सम्पन्न भएको छ ।

कांग्रेसले स्थानीय तहदेखि माथिल्लो तहसम्म संगठनको सुदृढीकरण र सुदृढीकरणका लागि विचार विचारहरुको मन्थन र सुझाव संकलनको अभियानकै रुपमा झापाका आठ नगरपालिका र सात गाउँपालिका अन्तर्गतका सबै वडामा यो कार्यक्रम सञ्चालन भइरहेको छ ।

अर्जुनधारा वडा नं. ९ मा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि नेका झापा जिल्ला सदस्य कृष्णमाया बडुवालले कांग्रेस तल्लो तहबाटै रचनात्मक कार्य गरेर माथिल्लो तहसम्म सन्देश पुऱ्याउनुपर्ने धारणा राखे । विशेष अतिथि जिल्ला सदस्य मोहन सुब्वाले संगठनको सुदृढीकरणका लागि पहिला आफू मात्रै सुधार गर्नुपर्ने आवश्यकता औल्याएका थिए ।

अर्जुनधारा नगर सभापति हेमराज खरेलले युवाहरुको रचनात्मक सुझावहरु नगर मार्फत केन्द्रसम्म पुऱ्याउने प्रतिबद्धता व्यक्त गरे । त्यस्तै नेका क्षेत्रीय प्रतिनिधि भिष्म मिश्रले कांग्रेसले वडास्तरबाटै रचनात्मक कार्यको थालनी हुनुपर्नेमा जोड दिए ।

नेका अर्जुनधारा वडा नं. ९ का सभापति लीलाराज पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपसभापति सागर ढकालले स्वागत गरेका थिए भने सञ्चालन शेखर वनले गरेको रश्मीशेखर सुवेदीले जानकारी दिए ।

४७ जनाले गरे रक्तदान

बिर्तामोड, साउन २८ । नेपाल प्रहरी श्रीमती संघको ३९औं वार्षिक उत्सवको अवसरमा झापाको बिर्तामोडमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

'हर प्रहर, गाँउ र नगरी टोल-टोलमा नेपाल प्रहरी' भन्ने नाराका साथ इलाका प्रहरी कार्यालय अनारमनीले बिर्तामोडस्थित मुक्ति चोकमा रक्तदान कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा ४७ जनाले रक्तदान गरेको इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव उपरीक्षक सुरज कार्कीले जानकारी दिए ।

रक्तदान गर्न नेपाल प्रहरी, ट्राफिक प्रहरी लगायत स्थानीयको समेत सहभागिता रहेको थियो । नेपाल रेडक्रस सोसाइटी बिर्तामोड उपशाखाको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम सम्पन्न भएको हो । नेपाल प्रहरी श्रीमती संघको वार्षिक उत्सवका अवसरमा विभिन्न सामाजिक कार्य गरेको डीएसपी कार्कीले बताए ।

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेडसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२
९८०१३६४०९३

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३९५४६१९)

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।

विशाल हरिजन
९८२४९९०४६२,९७४५२६०८२५
९८१४९९३७१२, ९८४२६७७८५५

नोट: आधुनिक प्रविधिबाट सञ्चालित झापाकै सबैभन्दा ठूलो सेफ्टी ट्यांकी अनुभवी व्यक्तिबाट ट्वाइलेट ब्लक भएमा सर्भिसको व्यवस्था छ ।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०७०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

बिमालेख हरायो

मेचीनगरबाट बिर्तामोड आउने क्रममा यही मिति २०८०/०३/०५ गते मेरो निम्न व्यहोराको एल.आइ.सी कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम:- संगीता मेचे
ठेगाना:- मेचीनगर-११, झापा
पोलेसी नं.:- २०००१८७४०
कम्पनी नाम: एल.आइ.सी.

छापाखाना

क्यालेण्डर | विवाह कार्ड
बिल, भौचर | फ्लेक्स प्रिन्ट
स्टाम (छाप) | कप, टि-सर्ट
लेमिनेशन | फोटोकपी

आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधै सम्झनुहोस् ।
७ बार १२ महिना संचालनमा
घिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९,
अफिस: ९७४६८७९७०२
९८४२६२५३५३, ९८१४०३६३४४

डिजिटल तराजु

विशेष छुटमा

Barnet Weighing Scale
सुरक्षा कनपा-३, झापा
Mob. 9810405794, 9802742456

विशेष उपचार अब बिर्ता आयुर्वेदमा

ढाड, कम्मर, गर्दन, प्यारालाइसिस, पायल्स, फिस्टुला, ग्यास्ट्रिक, पिनास, कोलेस्ट्रोल, पत्थरी, जन्डिस लगायत सम्पूर्ण रोगको उपचार ।

सम्पर्क :
बिर्ता आर्युवेद एण्ड फिजियोथेरापी सेन्टर
बिर्तामोड, राजगढ स्टेण्ड दक्षिण
फोन: ०२३-५३२३६६, ५९०१६६,
मोबाइल : ९८०६०००३१३

THAKUR POLYCLINIC

सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र काठमाण्डौंबाट
वरिष्ठ मुटुरोग विशेषज्ञ सेवा

डा. रविन्द्र सिमखडा
MD (Internal Medicine) /DM (Cardiology)

अब बिर्तामोडमा
आउने मिति
यहि मदौ २ गते, शनिबार
बिहान ८:00 देखि २:00 बजे सम्म

के तपाईलाई तलका मध्ये कुनै समस्या भएको छ?
- रक्तचाप बढ्ने
- मुटुको ढुकढुकी बढ्ने
- श्वाश फुल्ने
- ऊकालो चढ्न नसक्ने
- बाथ
- मुटुको चालमा गडबड
- मुटुको बाथ
- छाति दुख्ने
- राति निद्रा नलाग्ने
- मधुमेह
- थाईराईड

अग्रिम बुकिङ्गका लागि सम्पर्क न.
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
(Opposite of Paschim Bus Stand)
(+977)023-590008
(+977)9817964771

THAKUR POLYCLINIC

वरिष्ठ सुगर, प्रेसर तथा किड्नी रोग विशेषज्ञ
DM (NAMS, Bir Hospital), MD (KU),
Consultant Physician & Nephrologist

डा. गौरव क्षेत्री (NMC 9060)

आउने समय
मदौ ०२ गते, शनिबार, दिउँसो
२:00 बजेपछि

मृगौला रोगको लक्षणहरू:
- पिसाबमा फिज धेरै हुने
- पिसाबमा रगत वा कालो सिसा जस्तो वा दुधजस्तो सेतो हुने
- शरीरमा ताकत नहुने
- थकान महसुस हुने
- सास फेर्न गारो हुने
- खुट्टा र शरीर फुल्लिने
- खोकी लाग्ने
- ब्लड प्रेसर बढ्ने
- खान मन नलाग्ने
- जोर्नीहरू दुख्ने
- खकारमा रगत देखिने
- आँखा कमजोर हुने

अग्रिम बुकिङ्गका लागि सम्पर्क गर्न सक्नुहुनेछ।
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
(Opposite of Paschim Bus Stand)
(+977)023-590008
(+977)9817964771

उच्च गुणस्तर सुलभ मूल्य

सयपत्री बालुवा प्रशोधन उद्योग

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

सम्पर्क :
९८०४९५४४००
९८६६२४२४६६
अर्जुनधारा न.पा.- ४ झापा

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन्, धैर्य रहनुहोला ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -
आज तपाईले बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
पराक्रम बढ्ने योग छ, दिगो फाइदा हुने कामहरूको शुरूवात हुनेछ, आयआर्जनको स्रोत बढ्नेछ, माया-प्रेमको डोरो कसिलो भएर जाने योग रहेको छ ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
समय सामान्य रहेको छ, खर्च बढेर जानेछ, काम सफलता नहुँदा मन खिन्न रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
तपाईको मन अशान्त र निराश रहन सक्छ, गुप्ताङ्गमा समस्या देखापर्न सक्छ, आज तपाईले व्ययभार धान्न नसकेर मन चिन्तित रहला ।

तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -
समयमा होस नपुग्नाले व्यवाहारमा पछि परिएला, आफ्नाबाट टाढिनुपर्ने स्थिति आउन सक्छ, अवसरका लागि निक्कै दौडधुप गर्नुपर्ने समय रहेको छ ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।

धनु (ये, यो, भ, भि, भु, घ, फा, ढ, भे) -
स्वास्थ्य प्रतिकुल बन्नेछ, मन अशान्त रहने छ, छोटो दूरीको कष्टकर यात्रा हुने सम्भावना रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
अनावश्यक झञ्जटमा परिन सक्छ, धर्मकर्ममा रूची बढेर जानेछ, काम शुरूवात गर्नुअघि कुल देवताको सम्झना गर्नुहोला, नयाँ कामको खोजीमा समय बित्नेछ ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
सन्तानबाट राम्रो खबर सुन्न पाइनेछ, लामो दुरीको यात्रा हुनेछ, खानपानमा ध्यान दिनुहोला, हतारको निर्णयले काम बिग्रन सक्छ ।

मिन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि):
खर्चको मात्रा बढेर जानेछ, टाउको सम्बन्धी समस्या बढ्न सक्छ, मन अशान्त रहनेछ, आफन्तको सहयोगले गरेको काममा सफलता मिल्नेछ ।